अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

# जन्तेढुङ्गा गाउँपालिका साना सिँचाइ आयोजना सञ्चालन निर्देशिका, २०७९

**प्रस्तावना:** स्थानीय तहमा साना सिँचाइ विकासका कार्यक्रम तथा आयोजनाहरूको छनोट, अध्ययन-सर्वेक्षण, प्राथमिकीकरण, निर्माण तथा स्तरोन्नति, सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाई कृषिजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि गरी प्राप्त हुने प्रतिफलको वितरणलाई व्यवस्थित र न्यायोचित बनाउन वाञ्छनीय भएकाले,जन्तेढुङ्गा गाउँपालिकाको जन्तेढुङ्गा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ को अधिकार प्रयोग गरि जन्तेढूङ्गा गाउँपालिकाले यो निर्देशिका बनाएको हो ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "साना सिँचाइ आयोजना सञ्चालन निर्देशिका, २०७९ " रहेको छ ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आयोजना" भन्नाले तोकिएको अवधिमा निर्माण सम्पन्न गरी निर्माण तथा सञ्चालन एवं व्यवस्थापन गर्न तय गरिएका कुनै साना सिँचाइ आयोजना वा कार्यक्रम सम्झनुपर्छ र सो शब्दले सिँचाइको लागि पानीको संकलन, प्रवाहीकरण, वितरण गर्ने आयोजना समेतलाई जनाउँछ।

(ख) "उपभोक्ता" भन्नाले आयोजना/कार्यक्रम वा प्रणालीबाट प्रत्यक्ष लाभान्वित हुने जग्गाधनी वा त्यस्तो जग्गामा खेती किसानी गर्ने कृषक र तिनको परिवार समेतलाई सम्झनुपर्छ ।

(ग) "ऐन" भन्नाले जन्तेढुङ्गा गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनुपर्छ ।

(घ) "कृषक समूह" भन्नाले कृषि कार्यद्वारा कृषि उपजको उत्पादन, उत्पादकत्व बढाई आयआर्जन गर्न इच्छुक कुनै निश्चित क्षेत्रका कृषकहरूको समूहलाई जनाउँदछ ।

(ङ) "गाउँ पालिका" भन्नाले प्रदेश १ को जन्तेढुङ्गा गाँउपालिका सम्झनुपर्छ ।

(च) "जल उपभोक्ता संस्था" भन्नाले एक सिँचाइ आयोजनाबाट लाभान्वित हुने र आयोजनाको सिँचाइ व्यवस्थापन, मर्मतसम्भार र पानी वितरण गर्ने प्रयोजनका लागि गाउँपालिकाको कानून अनुसार दर्ता भएको "उपभोक्ता समिति" वा "उपभोक्ता समूह" वा "लाभग्राही समूह" वा अन्य कुनै जल उपभोक्ता संस्था सम्झनुपर्छ ।

(छ) "नापी किताब" भन्नाले जल उपभोक्ता समितिले सम्पादन गरेका भौतिक परिणामको नापी गरी सोको अभिलेख चढाउने किताब सम्झनुपर्छ।

(ज) "निर्माण कार्य" भन्नाले कुनै योजना वा प्रणालीको सम्पूर्ण वा केही भागको निर्माण, पुनर्निर्माण, सुधार, मर्मत सम्भार एवम् प्रणालीको सञ्चालन अन्तर्गत गरिने कार्यलाई बुझाउँछ ।

(झ) "ऐन" भन्नाले प्रदेश नं १ को प्रदेश सिँचाइ ऐन, २०७५ सम्झनुपर्छ ।

(ञ) "भूमिगत सिँचाइ" भन्नाले डिप ट्युबवेल (पावर ड्रिल वा मेसिन ड्रिल), स्यालो ट्युबवेल, इनार वा अन्य प्रविधिबाट जमिन मुनिको पानी तानी गरिने सिँचाइ सम्झनुपर्छ ।



अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

CamScanner

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

(झ) "ऐन" भन्नाले कोशी प्रदेशको प्रदेश सिँचाइ ऐन, २०७५ सम्झनुपर्छ ।

(ञ) "भूमिगत सिँचाइ" भन्नाले डिप ट्युबवेल (पावर ड्रिल वा मेसिन ड्रिल), स्यालो ट्युबवेल, इनार वा अन्य प्रविधिबाट जमिन मुनिको पानी तानी गरिने सिँचाइ सम्झनुपर्छ ।

(ट) "सम्झौता" भन्नाले जन्तेढुङ्गा गाउँपालिका र संस्थाबीच तोकिएका सर्तहरू मान्य हुने गरी आयोजनामा लगानी एवम् निर्माण व्यवस्थापनका लागि गरिने लिखित करारनामा वा कबुलियतनामालाई जनाउँदछ ।

(ठ) "साना सिँचाइ" भन्नाले प्रदेश सिँचाइ ऐन, २०७५ को दफा ३ अनुसार पहाडमा ५० हेक्टर सम्म र तराई मधेसमा २०० हेक्टर सम्मको जमिन सिँचाइ हुने प्रणालीलाई सम्झनुपर्छ र सो शब्दले किसानहरूद्वारा आफ्नै स्रोत वा अन्य निकायबाट निर्माण वा विकसित भएका वा व्यवस्थित गरिएका सिँचाइ प्रणाली समेतलाई जनाउँछ ।

(ड) "सिँचाइ प्रणाली" भन्नाले सिँचाइ प्रयोजनका लागि बनेका मुहान तथा कुलोकुलेसा लगायत अन्य सम्बन्धित संरचनाहरु र सिँचाइ क्षेत्र सहितको सम्पूर्ण इकाइ सम्झनुपर्छ ।

(ढ) "सिँचाइ मर्मत सम्भार कोष" भन्नाले सिँचाइ आयोजनाको नियमित मर्मत सम्भार तथा सुधारका लागि जल उपभोक्ता संस्थामा रहेको मर्मत सम्भार कोष सम्झनुपर्छ र यस शब्दले जन्तेढुङ्गा गाउँपालिका वा अन्य सरकारी वा गैरसरकारी निकायबाट सम्झौता अनुसार मर्मत सम्भारको लागि हस्तान्तरण भई जल उपभोक्ता संस्थामा प्राप्त रकम समेतलाई जनाउँछ ।

(ण) "सिँचाइ सेवा शुल्क" भन्नाले सिँचाइ सेवा उपयोग गरेबापत उपभोक्ताले जल उपभोक्ता संस्थालाई बुझाउनुपर्ने रकम सम्झनुपर्छ ।

(त) "सिँचाइ संरचना" भन्नाले सिँचाइ उपलब्ध गराउनको लागि मुहानदेखि सिञ्चित क्षेत्रसम्म निर्माण गरिएका भौतिक संरचना र यसले चर्चेको जमिन, यससँग सम्बन्धित सडक बाटो वा यस्तै अन्य भौतिक संरचना सम्झनुपर्छ र सो शब्दले सिञ्चित क्षेत्रबाट पानी निकासको संरचना समेतलाई जनाउँछ।

(थ) "सिञ्चित क्षेत्र" भन्नाले कुनै साना सिँचाइ आयोजना वा प्रणालीले सेवा पुऱ्याई रहेको क्षेत्रलाई सम्झनुपर्छ ।

(द) "अन्य सरोकारवाला निकाय" भन्नाले अर्धसरकारी वा गैरसरकारी संस्था, समूह वा व्यक्ति बुझ्नुपर्छ ।

## परिच्छेद- २

## आयोजना छनोट प्रक्रिया

३. **आयोजनाको किसिमः** यस सिंचाइ आयोजनाको किसिम देहाय बमोजिम हुनेछः-

(क) सतह सिँचाइ आयोजना,

(ख) पोखरीमा आधारित सिँचाइ आयोजना,

(ग) भूमिगत सिँचाइ आयोजना,

(घ) लिफ्ट सिँचाइ आयोजना (सौर्य, विद्युत् वा अन्य)

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

(ङ) नवीन प्रविधिमा आधारित (drip, sprinkler, hose pipe, irrigation) सिँचाइ आयोजना ।

४. <u>आयोजनाको मागको लागि निवेदन दिनुपर्ने:</u> (१) आफ्नो क्षेत्रमा साना सिँचाइ आयोजना सञ्चालन गर्न चाहने कृषक समूह वा तदर्थ समितिले आयोजनाको मागको लागि गाँउपालिकामा अनुसूची-१ को ढाँचामा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पेस हुने निवेदनको साथमा अनुसूची-२ बमोजिमको विवरण फाराम संलग्न हुनुपर्नेछ।

(३) भाडा वा लिजमा लिएको जग्गामा सिँचाइ गर्न चाहने कृषकले सम्बन्धित जग्गा धनीको लिखित स्वीकृति संलग्न गर्नुपर्नेछ।

५. <u>आयोजनाको पूर्व-सम्भाव्यता अध्ययन गर्न सक्ने:</u> (१) दफा ४ को उपदफा (१) बमोजिम परेको निवेदन उपर सम्बन्धित कार्यपालिकाले आयोजना सञ्चालन गर्न उचित लागेमा आवश्यक कारवाही गरि आयोजनाको पूर्व-सम्भाव्यता अध्ययनको लागि गाँउपालिकाले प्राविधिक खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा अनुसूची-३ को पूर्व-सम्भाव्यता फाराम भरि स्थलगत अनुगमन सहितको अध्ययन प्रतिवेदन कार्यपालिका समक्ष पेस गर्नु पर्नेछ ।

६. <u>आयोजनाको प्राथमिकीकरण:</u> दफा ४ को उपदफा (१) अनुसार पेस भएका आयोजनाहरूको कार्यपालिकाले आयोजनाको कार्यान्वयनका लागि देहायको प्राथमिकताका आधारमा आयोजना छनौट गर्नु पर्नेछ:-

| आयोजना प्राथमिकताका आधार एवं भार | | |
|---|---|---|
| क्र.सं. | आधारहरू | भार प्रतिशत |
| १ | सिञ्चित क्षेत्रफल (हेक्टरमा) र कुलोको आइडल[1] (Idle) लम्बाइ (किलोमीटरमा) को अनुपात | ३० |
| १.१ | ५० भन्दा बढी | ३० |
| १.२ | ११ देखि ५० | २० |
| १.३ | ५ देखि १० सम्म | १० |
| १.४ | ५ भन्दा कम | ५ |
| २ | पछाडि परेको समुदाय (दलित, सामाजिक रूपमा पिछडिएको वर्ग तथा विपन्न वर्ग, महिला कृषक घरधुरी) | ४० |
| २.१ | ४० प्रतिशतभन्दा बढी | ४० |
| २.२ | २० देखि ४० प्रतिशत | २० |
| २.३ | २० प्रतिशतभन्दा कम | ५ |
| ३ | साना किसान[२] उपस्थिति | १० |

[1] कुनै कुलोले सिँचाइ सेवा सुरु गर्नुअघिको लम्बाइलाई आइडल लम्बाइ सम्झनुपर्दछ ।
[२] साना किसान भन्नाले १० रोपनीभन्दा कम जग्गा भएका कृषक घरधुरी सम्झनुपर्छ ।

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष



CamScanner

अरुणा देवी राई
कार्यपालिका अध्यक्ष

| | | |
|---|---|---|
| ३.१ | ६० प्रतिशतभन्दा बढी | १० |
| ३.२ | ३० देखि ६० प्रतिशत | ५ |
| ३.३ | ३० प्रतिशतभन्दा कम | २ |
| ४ | उच्च बाली लाभ | १० |
| ४.१ | उच्च आय बाली[३] (High value Crops) हुने सिँचाइ आयोजना | ३ |
| ४.२ | हिउँदे बाली (Dry season Crops) मा सिँचाइ सुविधा पुग्ने आयोजना | ३ |
| ४.३ | बाली सघनता (Cropping intensity) बढ्न सक्ने आयोजना | २ |
| ४.४ | आयमूलक कृषि व्यवसायीकरणमा सिँचाइ सुविधा पुऱ्याउने आयोजना | २ |
| ५ | स्थानीय बजारसँगको निकटता[४] | १० |
| ५.१ | १ घण्टाभित्र पुग्न सकिने | १० |
| ५.२ | १ देखि ४ घण्टाभित्र पुग्न सकिने | ५ |
| ५.३ | ४ घण्टाभन्दा बढी लाग्ने | २ |
| | जम्मा | १०० |

७. विस्तृत सर्वेक्षण अध्ययनः (१) विस्तृत सर्वेक्षण गर्नुअगाडि आयोजना क्षेत्रमा सम्बन्धित वडाको प्रतिनिधिको रोहवरमा एउटा आमभेला आयोजना गरी उपस्थित जनसमुदाय/पदाधिकारीहरूलाई प्रस्तावित साना सिँचाइ आयोजना र विस्तृत सर्वेक्षण अध्ययनका बारेमा जानकारी गराउनु पर्नेछ।

(२) दफा ६ बमोजिमको प्राथमिकीकरणको आधारमा विस्तृत सर्वेक्षण अध्ययन गर्नुपर्नेछ र त्यस कार्यहरूको विवरण यसै निर्देशिकामा उल्लिखित डिजाइन म्यानुअल अनुसार गर्नु पर्नेछ।

(३) विस्तृत सर्वेक्षण कार्यपश्चात् गाँउपालिकाको प्राविधिक शाखाले आयोजनाको प्रतिवेदन तयार गरी पालिकामा पेस गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको विस्तृत सर्वेक्षण भई दफा ५ बमोजिम प्राथमिकीकरण गरिएका र उपदफा (३) बमोजिम पेस भएका आयोजनाहरू गाँउपालिकाको आयोजना बैङ्कमा समावेश गरिनेछ।

(५) गाँउपालिकाको सभाबाट आयोजना सञ्चालन गर्ने स्वीकृति/निर्णय भएका आयोजनाका कृषक समूहले प्रचलित कानून बमोजिम जल उपभोक्ता संस्था गठन गरी आयोजना कार्यान्वयनका लागि लगानी प्रतिबद्धता सहित अनुसूची- ४ को ढाँचामा निवेदन दिनुपर्नेछ।

(६) कार्यपालिकाले उपदफा (११) बमोजिम गठन भएको संस्थासँग आयोजना कार्यान्वयनका लागि प्रचलित कानुन बमोजिम सम्झौता गर्नुपर्नेछ।

---

[३] हाल लगाई आएको बालीभन्दा बढी आय हुने बाली ।

[८] पैदल दूरीमा सर्वयाम सडकमा पहुँच ।

अरुणा देवी राई
कार्यपालिका अध्यक्ष



CamScanner

## परिच्छेद- ३

## निकायगत काम, कर्तव्य र जिम्मेवारी

८. **गाँउपालिकाको काम, कर्तव्य र जिम्मेवारीः** गाँउपालिकाको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) कृषि प्रसार, सेवा तथा बजार विस्तारका लागि जल उपभोक्ता संस्थालाई अन्य निकायहरूसँग आबद्ध गराउने,

(ख) आधुनिक कृषि (उन्नत कृषि, कृषि यान्त्रिकीकरण, आदि) को प्रवर्द्धन गर्ने ।

(ग) आवधिक र वार्षिक कार्यक्रम तर्जुमा गर्दा साना सिँचाइ विकास आयोजनामा लगानीको सुनिश्चितता गर्ने,

(घ) साना सिँचाइ आयोजनाहरूको पहिचान अध्ययन गरी प्राथमिकीकरण गर्ने,

(ङ) आयोजनाको सर्वेक्षण र डिजाइन गर्ने र सोको लागत अनुमान स्वीकृत गर्ने,

(च) कुलो/नहरका सबै उपभोक्ताहरूलाई (शिर देखि मध्य र पुछार सम्मका लाभग्राही) संगठित गर्दै आयोजना तर्जुमा देखि लाभको हिस्सेदारी सम्मका सबै गतिविधिहरूमा महिला र पुरुषको समान सहभागिता सुनिश्चित गर्ने,

(छ) जल उपभोक्ता संस्थामा महिला तेतीस प्रतिशत प्रतिनिधित्वका साथै शिर देखि मध्य र पुछार भाग सम्मका लाभग्राहीहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने,

(ज) आयोजनाको गुणस्तरीय निर्माण तथा व्यवस्थित रूपमा सञ्चालनका लागि जल उपभोक्ता संस्थाको क्षमता सुदृढीकरण गर्ने,

(झ) आयोजनामा निर्माण कार्य सुरु गर्नुअघि जलउपभोक्ता समितिका पदाधिकारी तथा निर्माणमा संलग्न कामदारहरुलाई आवश्यक प्राविधिक निर्देशन दिने तथा निर्माण स्थलमा लाइन-लेभल दिने

(ञ) आयोजनाको अनुगमन र सुपरिवेक्षणको व्यवस्था मिलाई सम्झौता अनुसारको समयावधि, लागत र गुणस्तर सुनिश्चित गर्ने,

(ट) आयोजना कार्यान्वयनका क्रममा उपभोक्ता संस्थासँग भएको सम्झौता बमोजिमको कामको डिजाइन, परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नुपर्ने भएमा प्रचलित कानून अनुसार गर्ने,

(ठ) उपभोक्ता संस्थालाई प्राविधिक सल्लाह र सुझाव उपलब्ध गराउने,

(ड) आयोजनाका सम्बन्धमा जल उपभोक्ता संस्थाहरू वा उपभोक्ताहरू बीचको विवाद समाधान गर्ने,

(ढ) आयोजना कार्यान्वयन र दिगो रुपमा सञ्चालन गर्न उपभोक्ता संस्थालाई आवश्यक निर्देशन वा सल्लाह वा सुझाव दिने,

(ण) आयोजनाबाट सम्पादित कार्यहरूको नापजाँच गरी, नापी किताबमा चढाई भुक्तानीको व्यवस्था मिलाउने तथा सोको लगत राखी आवधिक प्रगति विवरण तयार गर्ने र सो सिलसिलामा संस्थाले जनश्रमदानका रूपमा वा भुक्तानी पाउने गरी सम्पादन गरेको कामको समेत नापी किताबमा चढाउने व्यवस्था मिलाउने,

(त) सम्पन्न आयोजनाको कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने,

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

(थ) आयोजना सञ्चालनका सिलसिलामा उपभोक्ता संस्थाको काबुबाहिरको समस्या आइपरेमा तिनको समाधानको लागि आवश्यक व्यवस्था मिलाउने,

(द) आयोजनाको सञ्चालनमा पारदर्शिता र सुशासन कायम गर्ने /गराउने,

(ध) आयोजनाको लेखापरीक्षण गर्ने गराउने,

(न) वार्षिक एक लाखभन्दा कम कारोबार भएका स-साना योजनाहरु उपभोक्ता संस्थाहरूले अनुरोध गरेमा लेखापरीक्षक तोकी लेखापरीक्षण गराउने,

(प) बाली सघनता र बाली उत्पादकत्व (Cropping intensity & Crop productivity) लगायतका आधारमा आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने,

(फ) आयोजनाको भौतिक र वित्तीय प्रगति प्रतिवेदन तयार गर्ने,

(ब) आयोजनाको नियमित तथा आवधिक अनुगमन, समीक्षा एवम् समस्या समाधान गर्ने,

(भ) तोकिए बमोजिमका अन्य कार्यहरु ।

९. <u>जल उपभोक्ता संस्थाको काम, कर्तव्य र जिम्मेवारी:</u> यस सिंचाइ आयोजनाको सञ्चालन गर्दा जल उपभोक्ता संस्थाको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) गाँउपालिका तथा अन्य निकायहरूबाट सञ्चालित गुणस्तर नियन्त्रण, संस्थागत विकास, सञ्चालन एवम् मर्मतसम्भार लगायतका कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागी भई क्षमता अभिवृद्धि गर्ने,

(ख) सिँचाइ आयोजनाको निर्माण वा पुनर्स्थापन गर्ने र सिँचाइ प्रणालीको सञ्चालन, रेखदेख, मर्मत सम्भार तथा दिगो विकास गर्ने,

(ग) जल उपभोक्ता संस्थाले सम्झौता बमोजिम गर्नुपर्ने काम अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइनेछैन,

(घ) निर्माण कार्यमा सम्झौता बमोजिम आवश्यक जनसहभागिता परिचालन गर्ने,

(ङ) सम्झौता बमोजिम निर्धारित समय, लागत र गुणस्तरमा आयोजनाको निर्माण तथा अन्य सुधारका कार्य सम्पन्न गर्ने,

(च) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नुपर्ने देखिएमा गाँउपालिकामा अनुरोध गर्ने,

(छ) उपभोक्ताहरूलाई गाँउपालिकाबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

(ज) सम्झौता बमोजिम कार्य सुरु गर्दा गाँउपालिकाबाट लाइन-लेभल, निर्देशन प्राप्त गर्नुपर्ने भए प्राप्त गरेर कार्य सुरु गर्ने,

(झ) सिँचाइ प्रणाली भित्रको सिँचाइ सेवा उपभोग गरे बापतको सिँचाइ सेवा शुल्क उठाई मर्मत सम्भार कोषमा जम्मा गर्ने व्यवस्था गर्ने र आवश्यक अवस्थामा प्रयोग गर्ने,

(ञ) संस्थाको कार्यसम्पादनलाई प्रभावकारी बनाउन संस्थाका सदस्यहरूको कार्यविभाजन र जिम्मेवारी बाँडफाँट गर्ने,

(ट) वातावरण संरक्षणको लागि आवश्यक गतिविधिहरू सञ्चालन गर्ने,

(ठ) आयोजना निर्माणस्थलमा आयोजनाको लागत तथा अन्य सम्बन्धित सूचनाको विस्तृत विवरण सहितको होडिङ बोर्ड राख्ने,

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

(ड) जल उपभोक्ता संस्थाको प्रचलित कानून र सम्झौता अनुसार आर्थिक करिबार गर्ने, हिसाब किताब दुरुस्त राख्ने र आर्थिक कारोबारमा पारदर्शिता अवलम्बन गर्ने,

(ढ) आम भेलाबाट उपभोक्ता समितिको आन्तरिक अनुगमन समितिको गठन गरी सम्झौतामा तोकिए बमोजिम काम भएको छ छैन, अनुगमन गर्ने व्यवस्था मिलाउने,

(ण) किस्ता भुक्तानीका लागि माग गर्नु अगाडि आम्दानी तथा खर्चको विवरण, सम्पादित कार्यहरूको परिमाण तथा तिनको गुणस्तर संस्थाको बैठकबाट अनुमोदन गराई सोको अभिलेख गाँउपालिकामा स्रेस्तासाथ पेस गर्ने, अन्तिम भुक्तानीको हकमा सार्वजनिक लेखा परीक्षण समेत गराई पेश गर्ने,

(त) योजनाको सुरुमा सार्वजनिक सुनुवाइ गर्ने, कार्यान्वयन चरणमा विधान बमोजिम कामको सार्वजनिक समीक्षा गर्ने[५] र आयोजना सम्पन्न भएपछि सम्पादित कामको सार्वजनिक परीक्षण[६] गरी उपभोक्ताहरूलाई जानकारी गराउने तथा पृष्ठपोषण प्राप्त गर्ने,

(थ) आयोजनाको काममा महिला र पुरुषलाई समान काममा समान ज्यालाको सुनिश्चितता गर्ने,

(द) रोजगारीका अवसरमा स्थानीय महिला, बेरोजगार र विपन्नलाई प्राथमिकता प्रदान गर्ने,

(ध) विधान अनुसार समयमा नै संस्थाको आर्थिक कारोबारको लेखापरीक्षण गरी सुधार गर्नुपर्ने कुरामा सुधार गर्ने,

(न) किसानहरूलाई समूहमा आबद्ध गरी कृषि प्रसार सेवाको उपयोग, बाली प्रणालीमा सुधार र बजार पहुँच सम्बन्धी कार्यमा सहयोग र सहजीकरण गर्ने,

(प) आयोजना सम्पन्न भएपछि बाली सघनता (Cropping intensity) र बाली उत्पादकत्व (Crop productivity) मा आएको परिवर्तन एवं आयोजनाको अपेक्षित लक्ष्य वा उपलब्धि सम्बन्धमा तथ्याङ्क सङ्कलन कार्यमा पालिकालाई सहयोग गर्ने।[७]

(फ) प्रचलित कानून तथा संस्थाको विधान बमोजिम जल उपभोक्ता संस्थाको नवीकरण गर्ने,

(ब) संस्थाले आयोजनाको दिगो व्यवस्थापनका लागि आवश्यक ठहऱ्याएका अन्य कार्य गर्ने ।

---

[५] सार्वजनिक समीक्षा: आयोजना कार्यान्वियन वा निर्माणको दौरानमा उपभोक्ता समितिले गरेका कामहरूको भौतिक तथा आर्थिक प्रगति जस्तै आम्दानी र खर्चको फाँटवारीका साथै प्रमुख सिकाइ तथा समस्याहरूसम्बन्धी विवरणा उपभोक्ताहरू र अन्य सरोकारवालाहरूलाई जानकारी गराउने तथा आवश्यक निर्णय गर्ने कार्य ।

[६] सार्वजनिक परीक्षण: आयोजाना कार्यान्वयन अवधिमा, विशेषगरी किस्ता निकासा र भुक्तानी गर्दा, उपभोक्ता र सरोकारवालाहरूको भेला गराई सार्वजनिक समीक्षा गरी आम्दानी र खर्चको विवरण पेस गर्ने कार्य । आयोजनाको निर्माण सम्पन्न भएपछि आयोजनाको समग्र आम्दानी खर्च, जनश्रमदान, अनुदान, नीति नियमको कार्यान्वयन, अन्य सिकाइ र चुनौतीहरूको सम्बन्धमा सम्पूर्ण सरोकारवालाको भेला गराई सार्वजनिक रूपमा प्रस्तुत गर्ने र सोमा छलफल गरी ठीक भए नभएको ठहर गरी सबैको जिज्ञासा समाधान गर्नुपर्दछ । निर्माण कार्य सम्पन्न भएलगत्तै सार्वजनिक परीक्षण गर्नुपर्दछ र आयोजनाको सन्तोषजनक सार्वजनिक परीक्षण भएपछि मात्र आयोजना सम्पन्न भएको मानिनेछ ।

[७] उपभोक्ता समितिले आयोजना क्षेत्रको कृषिसम्बन्धी पालिकाले तोके बमोजिमका विवरणहरू संकलन गरी आवधिक रूपमा पालिकामा बुझाउने । उक्त प्रक्रियामा लाग्ने खर्च पालिकाले उपभोक्ता समितिलाई उपलब्ध गराउनुपर्नेछ ।

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

१०. अन्य सरोकारवाला निकायको काम, कर्तव्य र जिम्मेवारीः अन्य सरोकारवाला निकायको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) गाँउपालिकासँग भएको सम्झौताका आधारमा साना सिँचाइ सम्बन्धी अध्ययन, सर्वेक्षण वा कार्यक्रम सञ्चालन गर्ने,

(ख) साना सिँचाइ आयोजनाको पहिचान, छनोट, जल उपभोक्ता समितिको गठन, आयोजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा आयोजना हस्तान्तरणमा गाउँपालिकासँगको समन्वयमा रही कार्य गर्ने,

(ग) आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट गाँउपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउने,

(घ) गाँउपालिकाले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउने र नियमित रूपमा गाँउपालिकामा प्रगति प्रतिवेदन प्रस्तुत गर्ने,

(ङ) विकास समीक्षामा सहभागी भई प्रगति जानकारी गराउने र पृष्ठपोषण प्राप्त गर्ने ।

## परिच्छेद- ४

## उपभोक्ता संस्थाको गठन र सञ्चालन

११. जल उपभोक्ता संस्थाको गठन सम्बन्धी व्यवस्थाः (१) गाँउपालिकाले आयोजनाको सम्भाव्यता अध्ययनपश्चात् कार्यान्वयन प्राथमिकतामा परेका आयोजनाहरूमा उपभोक्ता संस्थाको गठन गर्नुपर्नेछ।

(२) सम्बन्धित क्षेत्रमा जल उपभोक्ता संस्था गठन गर्दा देहाय बमोजिम गर्नुपर्नेछः-

(क) सिँचाइ आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरूको आमभेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजना स्थलमा नै सातदेखि एघार सदस्यीय उपभोक्ता संस्था गठन गर्नुपर्नेछ,

तर सातभन्दा कम कृषक परिवार लाभान्वित हुने प्राथमिकतामा परेका साना सिँचाइ आयोजनाको हकमा गाँउकार्यपालिकाको निर्णय अनुसार कृषक समूहलाई आयोजना सहयोग उपलब्ध गराउन बाधा पर्ने छैन।

(ख) जल उपभोक्ता संस्था गठनको लागि गाउँपालिका प्रतिनिधिको रोहवरमा सम्बन्धित लाभग्राही समुदायको आम भेला गरी गठन गर्नुपर्नेछ,

(ग) जल उपभोक्ता संस्था गठनको लागि तोकिएको भेलामा आयोजनाको संक्षिप्त विवरण र संस्थाको संरचनासहितको जानकारी तदर्थ समितिका सदस्य र गाँउपालिकाको प्रतिनिधिले गराउनुपर्नेछ,

(घ) उपभोक्ता संस्था गठन गर्दा समावेशी सिद्धान्तको अवलम्बन गरी संस्थामा कम्तिमा तेत्तीस प्रतिशत महिला सदस्य हुनुपर्नेछ र संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक जना महिला पदाधिकारी हुनुपर्नेछ,

(ङ) सगोलका परिवारबाट एक जनाभन्दा बढी व्यक्ति एउटै उपभोक्ता संस्थाको सदस्य हुन पाइने छैन,

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

(च) उपभोक्ता संस्थाको गठन सर्व-सम्मतिबाट गर्नुपर्नेछ र यसरी हुन नसकेमा आमभेलामा उपस्थित उपभोक्ताहरूको बहुमतबाट उपभोक्ता संस्थाको गठन गरिनेछ ।

(३) उपभोक्ता संस्थाको सदस्यको योग्यता देहाय बमोजिम हुनुपर्नेछ ।

(क) सम्बन्धित आयोजना क्षेत्रको स्थायी बासिन्दा

(ख) १८ वर्ष उमेर पूरा भएको

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

(घ) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्र्योट गर्न बाँकी नरहेको

(ङ) अन्य उपभोक्ता समितिमा सदस्य नरहेको

(४) उपदफा ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिमका व्यक्ति उपभोक्ता संस्थाको पदाधिकारी वा सदस्यमा बस्न पाइने छैनः-

(क) निर्वाचित जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी,

(ख) नेपाल सरकार वा सरकारी लगानी रहेको संस्था वा निकायमा रहेका बहालवाला कर्मचारी, शिक्षक र सुरक्षा निकायका कर्मचारी,

(ग) निर्माण व्यवसायी कम्पनीका कर्मचारी र सञ्चालक,

(घ) अन्य सरोकारवाला संस्था वा निकायका कर्मचारी र सञ्चालक,

(ङ) स्वार्थ बाझिने अन्य कुनै व्यक्ति वा संस्था ।

१२. <u>जल उपभोक्ता संस्था अनुगमन समितिको व्यवस्थाः</u> (१) आयोजनाका निर्माण कार्यहरुको अनुगमन गरी आयोजनाहरुको तोकिए बमोजिमको गुणस्तर, परिमाण र समयमा सम्पन्न हुने सुनिश्चित गर्न उपभोक्ताहरुको आमभेलाबाट कम्तीमा एक जना महिलासहित तीन सदस्यीय एक जल उपभोक्ता संस्था अनुगमन समिति गठन गर्नसक्नेछ ।

(२) जल उपभोक्ता संस्था अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने, देखिएका विवाद तथा समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकिन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई जानकारी तथा सचेत गराउने,

(ग) अन्य आवश्यक कार्य गर्ने ।

१३. <u>जल उपभोक्ता संस्थाको बैंक खाता सञ्चालनः</u> (१) उपभोक्ता संस्थाको बैंक खाता गाँउपालिकाले तोकेको बैंकमा सञ्चालन गर्नुपर्नेछ ।

(२) संस्थाको खाता समितिका अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनुपर्नेछ ।

१४. <u>जनसहभागिताः</u> (१) आयोजनाको कुल लागत रकमको निश्चित अंश उपभोक्ताहरुले जन-सहभागिताको रुपमा बेहोर्नुपर्नेछ ।

(२) गाँउपालिकाले जल उपभोक्ता संस्थाको सामाजिक-आर्थिक क्षमता, गाँउपालिकाको नीति तथा सिञ्चित क्षेत्रफलका आधारमा जनसहभागिताको अंश निर्धारण गर्नेछ ।



अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

CamScanner

(३) जनसहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिनेछ ।

१५. **मर्मत सम्भार कोष:** (१) कार्यान्वयन हुने साना सिँचाइ आयोजनाको सम्झौता रकमको दुई प्रतिशतले हुन आउने रकम उपभोक्ता संस्थाले सम्झौता हुनुअगावै मर्मत सम्भार कोषका रूपमा संस्थाको खातामा जम्मा गर्नुपर्नेछ ।

(२) जलउपभोक्ता संस्थाले उपदफा (१) बमोजिमको रकम सम्पूर्ण उपभोक्ताहरु मध्येबाट समानुपातिक ढङ्गबाट सङ्कलन गर्नुपर्नेछ तर अति विपन्न परिवार, र लक्षित समूहलाई विशेष सहुलियत दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम संस्थाले गाँउपालिकाले तोकेको बैङ्कमा राख्नुपर्नेछ र सोको भौचर संस्थासँग सुरक्षित राख्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम सम्बन्धित साना सिँचाइ आयोजनाको मर्मत सम्भारमा मात्र प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद- ५

## आयोजनाको कार्यान्वयन तथा व्यवस्थापन

१६. **उपभोक्ता संस्थाबाट काम गराउने सम्बन्धी व्यवस्था:** (१) प्रचलित ऐनले तोके सम्मको कुल लागत अनुमान रहेका उच्च प्रविधि तथा जटिल संरचना निर्माण बाहेकका कार्यहरू उपभोक्ता संस्थामार्फत सञ्चालन गराउन सकिनेछ ।

स्पष्टीकरण: यस निर्देशिकाको प्रयोजनका लागि आयोजनाका संरचनाहरु "जटिल" भएको कुरा प्राविधिक प्रतिवेदनमा उल्लेख भएको हुनुपर्नेछ।

(२) उपदफा (१) मा उल्लेखित आयोजनाको कुल लागत अनुमान रकममा मूल्य अभिवृद्धि करको रकम, बीमा बापतको रकम लगायत कानुनले तोकेका अन्य रकम समावेश हुनुपर्नेछ ।

१७. **आयोजनाको निर्माणसम्बन्धी व्यवस्था:** (१) गाँउपालिकाले विस्तृत अध्ययन सर्वेक्षण भई विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजनाहरू क्रमश: कार्यान्वयन गर्नुपर्नेछ ।

(२) आयोजना कार्यान्वयन गर्नुअघि सम्बन्धित प्राविधिकबाट लागत अनुमान सहितको आयोजनाको विस्तृत प्रतिवेदन तयार गरी सम्बन्धित अधिकारीबाट स्वीकृत गराएर मात्र खरिद प्रक्रिया अगाडि बढाउनुपर्नेछ ।

(३) लागत अनुमान अंकको प्रचलित कानुन बमोजिमको अंश कन्टिन्जेन्सी स्वरूप लागत अनुमानमा समावेश गर्न सकिनेछ।

(४) उपदफा (२) बमोजिम लागत अनुमानसहितको प्रतिवेदन तयार गर्दा गाउँपालिका/नगर पालिकाबाट प्रदान गरिने अनुदान र उपभोक्ता संस्थाले व्यहोर्नुपर्ने रकम स्पष्ट खुलाई राख्नुपर्नेछ ।

(५) संघ र प्रदेश सरकार वा अन्य निकायहरूबाट यस गाँउपालिका मार्फत कुनै अनुदान प्राप्त हुने भएमा सो रकमलाई समेत गाँउपालिकाको योगदानभित्र खण्डीकृत रूपमा उल्लेख गरी राख्नु पर्नेछ ।

(६) वार्षिक कार्यक्रममा समावेश भएका आयोजनाको हकमा उपभोक्तासँग अनुसूची -५

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ र किटान नभएको तर कार्यक्रमका लागि अन्य निकायबाट व्यवस्था गरिएका कार्यक्रमहरु कार्यपालिकाबाट आयोजना स्वीकृतपश्चात् उपभोक्ता संस्थासँग सम्झौता गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(७) प्रचलित कानुनअनुसार सम्झौता रकमको निश्चित अंश जल उपभोक्ता संस्थालाई पेश्कीका रुपमा गाँउपालिकाले सम्झौता भएपछि उपलब्ध गराउन सक्नेछ र त्यस्तो विषय सम्झौतामा उल्लेख भएको हुनु पर्नेछ ।

(८) आयोजनाको प्रकृति अनुसार कार्यप्रगति तथा पेस भएको बिलको आधारमा तीन किस्तामा भुक्तानी हुन गर्नु पर्नेछ र यस सम्बन्धी व्यवस्था सम्झौतापत्रमा स्पष्ट खुलाउनु पर्नेछ ।

१८. **आयोजना कार्यान्वयनका चरण:** साना सिँचाइ आयोजना तथा कार्यक्रम कार्यान्वयनका कार्यविधि अनुसूची -६ मा उल्लेख भए बमोजिम हुनेछ ।

१९. **आयोजनाको अनुगमन:** (१) गाँउपालिकाका सम्बन्धित प्राविधिकले साना सिँचाइ सम्बन्धी आयोजना कार्यान्वयनको नियमित अनुगमन गर्नु पर्नेछ ।

(२) गाँउपालिका अनुगमन समितिले अनुगमन कार्ययोजना अनुसार आयोजनाको अनुगमन गर्न सक्नेछ र समितिले अनुगमनमा प्राविधिकको सहयोग लिन सक्नेछ।

(३) अनुगमन समितिले गर्ने अनुगमनको प्रतिवेदनको ढाँचा अनुसूची-७ मा उल्लेख भए बमोजिम हुनेछ।

(४) गाँउपालिकाबाट सम्बन्धित वडालाई अख्तियारी दिई वडास्तरबाट कार्यान्वयन हुने गरी सञ्चालित कार्यक्रम अन्तर्गतका आयोजनाहरुको वडा समितिबाट अनुगमन गर्नु पर्नेछ ।

(५) कार्यपालिकाले आवश्यकता अनुसार साना सिँचाइ कार्यक्रम तथा आयोजनाहरूको अनुगमन गर्न सक्नेछ ।

(६) अनुगमनपश्चात् सो सम्बन्धमा केही गर्नुपर्ने देखिएमा कार्यगाँउपालिकाको बैठकबाट आवश्यक निर्देशन दिन सकिनेछ ।

(७) सम्झौता अनुसार भइरहेका कार्यहरूको गाँउपालिकाबाट हुने अनुगमनमा उपभोक्ता संस्थाले सहजीकरण गर्नु पर्नेछ ।

(८) गाउँपालिकाभित्र अन्य निकायबाट सञ्चालित साना सिँचाइ कार्यक्रमको हकमा पनि यो निर्देशिकानुसार गर्न सकिनेछ ।

२०. **अभिमुखीकरण गर्ने:** साना सिँचाइ आयोजना निर्माण तथा सञ्चालनका क्रममा पालिकाले सम्वन्धित उपभोक्ता संस्थाका पदाधिकारीहरूलाई आयोजनाको कार्यान्वयन अगावै देहायका विषयहरु समेटेर अभिमुखीकरण गर्नु पर्नेछः-

(क) जल उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकार,

(ख) सम्पादन गर्नुपर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ताको योगदान,

(ग) निर्माण सामग्रीको गुणस्तर र परिमाण,

(घ) खरिद, रकम निकासा प्रक्रिया, खर्चको लेखांकन र अभिलेख व्यवस्थापन,

(ङ) कार्यान्वयन र अनुगमन प्रक्रिया,

(च) सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण,

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

(छ) अन्य आवश्यक विषयहरू ।

२१. **क्षमता विकासको कार्य गर्न सकिने:** गाँउपालिकाले वा पालिका र जल उपभोक्ता संस्थाको सहकार्यमा देहाय बमोजिमका क्षेत्रमा क्षमता विकासका कार्यहरू सञ्चालन गर्न सकिनेछः-

(क) कृषकहरूको बाली लक्षित कृषि सेवाहरूका साथै उत्पादनको प्रशोधन, मूल्य अभिवृद्धि, बजार पहुँच विस्तार र बजारीकरणका क्षेत्रमा क्षमता विकास,

(ख) वित्तीय व्यवस्थापन तथा वित्तीय जवाफदेहिता,

(ग) कार्यालय व्यवस्थापन तथा अभिलेख व्यवस्थापन,

(घ) आयोजना/कार्यक्रम व्यवस्थापन,

(ङ) सार्वजनिक परीक्षण, सार्वजनिक समीक्षा, योजनाको फरफारक र हस्तान्तरण पद्धति,

(च) आयोजनामा लैङ्गिक तथा सामाजिक समावेशीकरण,

(छ) अन्य आवश्यक विषयहरू ।

## परिच्छेद- ६

## प्राविधिक मूल्याङ्कन, भुक्तानी र फरफारक

२२. **अन्तरिम (रनिङ) बिल:** (१) जल उपभोक्ता संस्थाले निर्माण कार्य चालु रहेको अवस्थामा सम्झौता बमोजिमको किस्ता रकम भुक्तानी माग गर्न सक्नेछ ।

(२) यसका लागि गाँउपालिकाका निर्माण कार्य सुपरिवेक्षण गर्ने प्राविधिक वा साइट इन्चार्जले अद्यावधिक कामको अन्तरिम (रनिङ) बिल तयार गरी उपभोक्ता संस्थालाई उपलब्ध गराउनुपर्नेछ र यस्तो प्रतिवेदन उपर सम्बन्धित उपभोक्ता संस्थाको बैठकले छलफल तथा निर्णय गरी भुक्तानीका लागि पालिकामा पेस गर्नु पर्नेछ ।

२३. **कार्यसम्पन्न प्रतिवेदन दिने:** डिजाइन, लागत इष्टिमेट र सम्झौता अनुसार आयोजनाको कार्य पूर्ण रूपले सम्पन्न भई परीक्षण सञ्चालन सफल भएको अवस्थामा सम्बन्धित प्राविधिकले नापजाँच गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता संस्थामा पेश गर्नु पर्नेछ ।

२४. **अन्तिम (फाइनल) बिल:** (१) आयोजनाको सम्पूर्ण कार्य सम्पन्न भएको अवस्थामा जल उपभोक्ता संस्थाले सम्झौता बमोजिम अन्तिम किस्ता रकम भुक्तानीका लागि माग गर्न सक्नेछ ।

(२) अन्तिम किस्ता रकम भुक्तानीका लागि सम्बन्धित प्राविधिकले हालसम्म भए गरेका सम्पूर्ण कामको अन्तिम (फाइनल) बिल तयार गरी संस्थालाई उपलब्ध गराउनु पर्नेछ ।

(३) अन्तिम बिलसाथ संस्थाले आयोजना सम्बन्धी आफ्नो आमदानी-खर्चको विवरण, बिलभरपाइ, सार्वजनिक लेखापरीक्षणको प्रतिवेदन, दफा २३ अनुसारको कार्य सम्पन्न प्रतिवेदन तथा संस्थाको यस सम्बन्धी बैठकको निर्णय पेश गर्नु पर्नेछ ।

२५. **नापी किताबमा चढाउनुपर्ने:** दफा २२ र २४ बमोजिम प्राविधिकले गरेको प्रत्येक नापजाँचको अभिलेख गाँउपालिकाका सम्बन्धित कार्यालय प्रमुख, कर्मचारीबाट जारी गरिएको नापी किताबमा अनिवार्य रुपमा चढाई राख्नु पर्नेछ ।

२६. **भुक्तानी प्रक्रिया:** (१) उपभोक्ता संस्थाबाट प्राप्त दफा २२ बमोजिमको रनिङ बिल वा दफा २४ बमोजिमको अन्तिम बिल गाँउपालिकाका सम्बन्धित प्राविधिक सुपरिवेक्षकले चेकजाँच गरी सिफारिस सहित भुक्तानी प्रक्रियाको लागि गाँउपालिकाको योजना शाखामा पठाउनु पर्नेछ ।

(२) गाँउपालिकाले प्राविधिक मूल्याङ्कन, अन्तिम बिल भए कार्य सम्पन्न प्रतिवेदन,

र अन्य आवश्यक कागजात संलग्न गरी उपभोक्ता संस्थाको निर्णयसाथ भुक्तानीका लागि अनुरोध गरेमा आवश्यक चेक जाँच गरी सात दिनभित्र भुक्तानी दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै संलग्न कागजातहरु नपुगेको अवस्थामा समयमा नै उपभोक्ता समितिलाई जानकारी गराउनु पर्नेछ ।

(४) भुक्तानी दिंदा सम्बन्धित उपभोक्ता समितिको बैंक खातामार्फत भुक्तानी गर्नु पर्नेछ।

२७. <u>फरफारक तथा आयोजना हस्तान्तरण:</u> अन्तिम नापजाँच सम्पन्नपछि कार्यसम्पन्न प्रतिवेदन तथा अन्तिम किस्ता भुक्तानी भई कार्य स्वीकार्य भएको अवस्थामा आयोजना फरफारक भएको मानिनेछ र अन्तिम भुक्तानी भएको तीस दिनभित्र गाँउपालिकाले उपभोक्ता समितिलाई आयोजना हस्तान्तरण गरिसक्नु पर्नेछ।

## परिच्छेद- ७

## समीक्षा र प्रतिवेदन

२८. <u>अनुगमन प्रतिवेदन कार्यगाँउपालिकाको मासिक बैठकमा पेस गर्ने:</u> आयोजनाको अनुगमन सम्बन्धी प्रतिवेदन गाँउपालिकाको योजना शाखाले कार्यगाँउपालिकाको मासिक बैठकमा पेस गर्नु पर्नेछ ।

२९. <u>त्रैमासिक प्रतिवेदन प्रस्तुत तथा समीक्षा गर्ने:</u> (१) आयोजनाको समष्टिगत भौतिक र वित्तीय प्रगतिको त्रैमासिक प्रतिवेदन गाँउपालिकाको योजना शाखाले गाँउपालिकाको कार्यपालिकामा समीक्षाका लागि प्रस्तुत गर्नु पर्नेछ।

(२) समीक्षामा आयोजनामा कुनै समस्या देखिएमा समाधान गर्न गाँउकार्यपालिकाले आवश्यक निर्णयहरू लिनु पर्नेछ ।

३०. <u>वार्षिक प्रतिवेदन प्रस्तुत तथा समीक्षा:</u> योजना शाखाले आयोजनाको समष्टिगत भौतिक र वित्तीय प्रगति एवं प्रभाव मूल्याङ्कन अध्ययन भएको भए सो समेतको वार्षिक समीक्षाका लागि कार्यपालिकामा प्रस्तुत गर्नु पर्नेछ।

३१. <u>आवधिक प्रतिवेदनहरु पेश गर्नुपर्ने:</u> (१) आयोजनाको मासिक, त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरूमा पेस गर्नु पर्नेछ ।

(२) संघ र प्रदेशका अनुदान साथै विकास सहयोग अन्तर्गत सञ्चालित आयोजनाको सम्वन्धित निकायसँगको सम्झौता वा सहमति अनुसारको प्रगति विवरण निर्धारित समयमा प्रस्तुत गर्नु पर्नेछ।

## परिच्छेद- ८

## पारदर्शिता तथा सुशासन सम्बन्धी

३२. <u>होर्डिङ बोर्ड राख्नुपर्ने:</u> आयोजनाको निर्माण कार्य प्रारम्भ हुनु अगावै मुख्य मुख्य विवरण सहितको होर्डिङ बोर्ड सम्बन्धित कार्यस्थलमा राख्नु पर्नेछ ।

३३. <u>सार्वजनिक सुनुवाइ गर्ने:</u> (१) जल उपभोक्ता संस्थाले आयोजनाको काम प्रारम्भ गर्नु अगावै सार्वजनिक सुनुवाइ गर्नु पर्नेछ।

(२) सार्वजनिक सुनुवाइको प्रतिवेदन ढाँचा अनुसूची-८ मा उल्लेख भए बमोजिम हुनेछ।

३४. <u>सार्वजनिक समीक्षा गर्ने:</u> (१) संस्थाले कार्यान्वयन चरणमा समय समयमा आयोजनाको सार्वजनिक समीक्षा गर्नु पर्नेछ।

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

(२) सार्वजनिक समीक्षाको प्रतिवेदन ढाँचा अनुसूची-९ मा उल्लेख भए बमोजिम हुनेछ।

३५. **सार्वजनिक परीक्षण गर्ने:** (१) संस्थाले आयोजना सम्पन्न भएपछि सो आयोजनाको सार्वजनिक परीक्षण गर्नु पर्नेछ ।

(२) सार्वजनिक परीक्षणको प्रतिवेदन ढाँचा अनुसूची-१० मा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद- ९

## समन्वय र सहयोग

३६. **समन्वय र सहयोग:** (१) गाँउपालिकाले साना सिँचाइ सम्बन्धी कार्य गर्दा आफ्नो पालिका भित्रका विषयगत समितिहरू बीच समन्वय गर्नु पर्नेछ ।

(२) गाँउपालिकाले साना सिँचाइ सम्बन्धी कार्यका सन्दर्भमा आवश्यकता अनुसार कृषि, जलस्रोत (खानेपानी तथा सिँचाइ डिभिजनहरु), सहकारी लगायतका संघीय र प्रादेशिक तहका जिल्लास्तरीय निकायहरू बीच समन्वय गर्नु पर्नेछ ।

(३) पालिकाले बजार प्रवर्द्धन तथा पहुँच वृद्धि गर्न निजी क्षेत्र र सहकारी संस्थाहरूसँग आवश्यक समन्वय गर्न सक्नेछ ।

३७. **प्रदेश र संघसँग सहयोग माग गर्न सक्ने:** गाँउपालिकाले साना सिँचाइ विकासका क्षेत्रमा प्रदेश र संघ सरकारसँग देहाय बमोजिमको सहयोग माग गर्न सक्नेछः-

(क) संघ र प्रदेश योजनाको लक्ष्यअ नुसार साना सिँचाइ आयोजना सञ्चालनका लागि विभिन्न ससर्त, विशेष, समपूरक अनुदान र सहलगानी लगायतका अनुदान तथा कार्यक्रमहरू,

(ख) साना सिँचाइ विकास सम्बन्धी वैदेशिक सहायता परियोजनाको विकास र सञ्चालन गर्न,

(ग) गाँउपालिकामा संघ र प्रदेश तहबाट लागत सहित हस्तान्तरण भएका चालु आयोजना/कार्यक्रमको कार्यान्वयन गर्न,

(घ) साना सिँचाइ सम्बन्धी कार्यक्रमलाई व्यवस्थित बनाउन नमुना कानून, नर्म्स र मापदण्डहरू, निर्माण गरिदिन,

(ङ) साना सिँचाइ सम्बन्धी प्रविधि हस्तान्तरण,

(च) साना सिँचाइ सम्बन्धी जटिल विषयमा प्राविधिक सहयोग,

(छ) साना सिँचाइ सम्बन्धी प्राविधिक क्षमता विकास,

(ज) अन्य प्राविधिक तथा वित्तीय सहायता ।

## परिच्छेद- १०

## विविध

३८. **प्राविधिक दस्तावेज प्रयोग गर्न सकिने:** यस निर्देशिकाको कार्यान्वयनका लागि देहायका प्राविधिक दस्तावेजहरू समेत प्रयोग गर्न सकिनेछन्-

(क) साना सिँचाइको लागि डिजाइन म्यानुअल (Design manual for small irrigation),

(ख) नर्म्स र स्पेसिफिकेसन (Norms & Specification)

३९. **सहलगानी दुरुपयोग गर्ने संस्थालाई कारबाही गरिने:** आयोजना स्वीकृत भएको उपभोक्ता संस्थाले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त सहलगानीलाई दुरुपयोग गरेको पाइएमा संस्था वा

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

संस्थाका सम्बन्धित पदाधिकारीहरुलाई प्रचलित ऐन, नियम तथा कानून बमोजिम कारबाही गरिनेछ ।

४०. <u>निर्देशिका संशोधन गर्न सक्ने:</u> गाँउकार्यपालिकाले यस निर्देशिकालाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

४१. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यस निर्देशिकामा उल्लेखित विषय यसै बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

४२. <u>बचाउ:</u> गाँउपालिकाले यसअघि सञ्चालन गरेका साना सिँचाइको हकमा यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

अनुसूची- १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**साना सिँचाइ आयोजनाको मागको लागि दिने निवेदनको ढाँचा**

विषयः साना सिँचाइको आयोजनाको माग सम्बन्धमा।

श्रीमान्.....  ....... ........ ज्यू,
जन्तेढुङ्गा गाँउपालिकाको कार्यालय ।

महोदय,

हामी तपसिल निवेदकहरू यसै ..... पालिका वडा नं ... स्थित करिब ... हेक्टर क्षेत्रफलमा ..........सिँचाइ आयोजना सञ्चालनका लागि आयोजनाको माग सम्बन्धमा अनुसूची ... बमोजिम किसान/जग्गाधनीको विवरण समेत संलग्न राखी यो निवेदन पेस गरेका छौं। माग बमोजिम आयोजना सञ्चालन हुने अवस्थामा हामीले यस गाँउपालिकाको नियमानुसार लाभग्राहीबाट जम्मा गर्नुपर्ने रकम जम्मा गर्ने तथा जनश्रमदान जुटाउने प्रतिबद्धता समेत व्यक्त गर्दछौं ।

निवेदक

कृषक समूहको प्रतिनिधिको नाम :
ठेगानाः
नागरिकता नंः
सम्पर्क टेलिफोन नंः
दस्तखतः
मिति :

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

अनुसूची- २

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**सिँचाइ आयोजनाको सर्वेक्षणका लागि निवेदन साथ संलग्न हुनुपर्ने कृषकहरूको विवरण फाराम**

| क.सं. | कृषकहरूको नाम | वडा नं | प्रस्तावित सिञ्चित क्षेत्रफल भित्रको जग्गा | स्थान र कित्ता नम्बर | दस्तखत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| १४ | | | | | |
| १५ | | | | | |
| १६ | | | | | |
| १७ | | | | | |
| १८ | | | | | |
| १९ | | | | | |
| २० | | | | | |

कृषक समूह (लाभग्राही कृषकहरू) को तर्फबाट प्रतिनिधिको दस्तखतः

प्रतिनिधिको नाम थरः

ठेगानाः

मितिः

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

अनुसूची- ३

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

## पुर्व-सम्भाव्यता अध्ययन फाराम

१. **आयोजना सम्बन्धी विवरण:**

१.१ प्रस्तावित आयोजनाको नाम:

१.२ ठेगाना: वडा नं.: ......, बस्ती/टोल: ... ....

१.२ उपभोक्ता समिति/संस्थाको नाम:

१.३ आयोजनाको किसिम (नयाँ, सुधार तथा स्तरोन्नति वा अन्य खुलाउने):

१.४ जल उपभोक्ताहरूको परिवार/घरधुरी संख्या:

१.४.१ सामाजिक वर्गीकरण

| क्र.सं. | विवरण | एकल महिला | विपन्न | साना किसान | जम्मा |
|---|---|---|---|---|---|
| १ | जनजाति | | | | |
| २ | अल्पसंख्यक | | | | |
| ३ | बाहुन/छेत्री/ | | | | |
| | जम्मा | | | | |

१.४.२ साना किसान घरधुरी संख्या:

१.४.३ स्तरोन्नति आयोजना भए थप सम्भाव्य घरधुरी संख्या:

२. **सिँचाइको प्रकृति:** (√) चिन्ह लगाउने

२.१ सतह सिँचाइ प्रणाली

२.२ पोखरी सिँचाइ: मूल, नदी वा वर्षात्को पानी सङ्कलन

२.३ भूमिगत सिँचाइ

क) डिजल पम्पिङ सेट ख) विद्युत् पम्पिङ सेट ग) सौर्य पम्पिङ सेट

घ) ढिकी पम्प ङ) हाते कल च) अन्य

२.४ लिफ्ट सिँचाइ

क) सोलार ख) विद्युत् ग) डिजल जेनेरेटर ङ) अन्य

२.५ नवीन प्रविधिमा आधारित सिँचाइ प्रणाली तथा अन्य वैकल्पिक सिँचाइ प्रणाली

क) स्प्रिङ्कलर सिँचाइ ख) ड्रिप सिँचाइ ग) अन्य

३. **सिँचाइको स्रोत विवरण:**

३.१ नाम:

३.२ किसिम: मूल, वर्षे नदी, बाह्रै महिना पानी हुने नदी, ताल वा पोखरी, भूमिगत

३.३ पानीको उपलब्धता: वर्षामा मात्र, वर्षा र हिउँदमा मात्र, बाह्रै महिना पानी हुने

३.४ स्रोतको स्वामित्व: निजी, सार्वजनिक, भूमिगत वा अन्य (खुलाउने):

३.५ मुहान रहेको वा हुनसक्ने स्थल:

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

३.६ सिँचाइ स्थलबाट मुहान वा इनार/पम्पिङसेट सम्मको दूरी:
३.७ मुहान वा इनार/पम्पिङसेट देखि सिँचाइ स्थलसम्मको अनुमानित स्लोप:
३.८ मुहानमा मापन गरिएको पानीको बहाव र मिति (भूमिगतमा बाहेक):

४. मुहान (रहेको वा रहने स्थान) को विवरण:

४.१ अवस्थिति:

४.१.१ वडा नं.:

४.१.२ गाउँ/बस्ती वा स्थान:

४.१.३ अक्षांश (Latitude): .... .... .... .... .... .... .... N
४.१.४ देशान्तर (Longitude): .... .... .... .... .... .... ....°E
४.१.५ उचाइ (Altitude): .... .... .... .... मिटर

४.२ मुहान स्थलमा स्रोत नदी (भूमिगतबाहेक) को:

४.२.१ औसत स्लोप: कम, मध्यम वा धेरै
४.२.२ पिँधको किसिम: कडा चट्टान, नरम चट्टान, गेग्रान, बलौटे वा माटो
४.२.३ किनारहरूको किसिम: कडा चट्टान, नरम चट्टान, गेग्रान, बलौटे वा माटो
४.२.४ प्रकृति: गहिरिँदो, थुप्रिँदो, एक किनारपट्टि खारेको वा स्थायी
४.२.५ सिँचाइका लागि पानीको पर्याप्तता: कुनै पनि सिजनमा पानी पर्याप्त नहुने, वर्षामा मात्र पर्याप्त हुने गरेको, वर्षा र हिउँदमा मात्र पर्याप्त हुने गरेको, बाह्रै महिना पर्याप्त हुने गरेको

५. सिँचाइ क्षेत्र:

५.१ हाल भइरहेको क्षेत्रफल

५.१.१ जम्मा (Gross Command Area, GCA): ...... हेक्टर/रोपनी
५.१.२ खुद (Culturable or Net Command Area, CCA): ...... हेक्टर/रोपनी

५.२ नयाँ वा थप सम्भाव्य क्षेत्रफल

५.२.१ जम्मा (Gross Command Area, GCA): ...... हेक्टर/रोपनी
५.२.२ खुद (Culturable or Net Command Area, CCA): ...... हेक्टर/रोपनी

५.३ सिँचाइ क्षेत्रको अवस्थिति:

५.३.१ अक्षांश (Latitude): .... .... .... .... .... .... .... N
५.३.२ देशान्तर (Longitude): .... .... .... .... .... .... ....°E
५.३.३ उचाइ (Altitude): .... .... .... .... मिटर

५.४ भूगोल (Topography): समथर, खोला किनार, टार, भिरालो (कम, मध्यम वा अति)

५.५ माटो:

५.५.१ प्रकार: बलौटे, मध्यम (दोमट) वा चिम्टयाइलो
५.५.२ गहिराइ: १ हातभन्दा कम, १ देखि २ हात वा २ हातभन्दा बढी

५.६ पानी निकासको समस्या: रहेको वा नरहेको

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

५.७ बाली/कृषिको अवस्था

५.७.१ हाल लगाउने गरिएका बालीहरू (क्षेत्रफल वा प्रतिशत सहित)

५.७.१.१ वर्षायाम (Monsoon season):

क) धानः ...., ख) बर्खे मकैः ...., ग) बर्खे आलुः ...., घ) कोदोः ....,

ङ) मासः ...., च) भटमासः ...., छ) तरकारीः ...., ज) अन्यः .... रोपनी/बिघा वा प्रतिशत

५.७.१.२ हिउँदयाम (Winter season):

क) गहुँः ...., ख) तोरी/तेलहनः ...., ग) हिउँदे आलुः ...., घ) हिउँदे मकैः ....,

ङ) मुसुरो/दलहनः ...., च) तरकारीः ...., छ) अन्यः .... रोपनी/बिघा वा प्रतिशत

५.७.१.३ ग्रीष्मयाम (Spring season):

क) चैते धानः ...., ख) मकैः ...., ग) मुङ/दलहनः ...., घ) तेलहनः ....,

ङ) तरकारीः ...., च) अन्यः .... रोपनी/बिघा वा प्रतिशत

५.७.२ सम्भाव्य बालीहरू (क्षेत्रफल वा प्रतिशत सहित)

५.७.२.१ वर्षायाम (Monsoon season):

क) धानः ...., ख) बर्खे मकैः ...., ग) बर्खे आलुः ...., घ) कोदोः ....,

ङ) मासः ...., च) भटमासः ...., छ) तरकारीः ...., ज) अन्यः .... रोपनी/बिघा वा प्रतिशत

५.७.२.२ हिउँदयाम (Winter season):

क) गहुँः ...., ख) तोरी/तेलहनः ...., ग) हिउँदे आलुः ...., घ) हिउँदे मकैः ....,

ङ) मुसुरो/दलहनः ...., च) तरकारीः ...., छ) अन्यः .... रोपनी/बिघा वा प्रतिशत

५.७.२.३ ग्रीष्मयाम (Spring season):

क) चैते धानः ...., ख) मकैः ...., ग) मुङ/दलहनः ...., घ) तेलहनः ....,

